स्थानीय राजपत्र

# सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड २) बड्डाँडा प्यूठान ,चैत्र २२ गते ,२०७५ साल (संख्या १७

## किसान सँग गाउँ सरकार उत्पादन पकेट कार्यविधि २०७५

**सरुमारानी गाउँपालिका**

**गाउँकार्यपालिका को कार्यालय प्युठान**

**प्रदेश नं. ५ नेपाल**

**प्रस्तावना**

यस गाउँपालिका क्षेत्रमा रहेका कृषि तथा पशुपालन का उत्पादन योग्य क्षेत्रहरु मा त्यहाँको माटो हावापानी र पुर्वाधार सँग मेल खाने वस्तुको उत्पादनलाई टेवा दिने किसान सँग गाउँसरकार कार्यक्रमको अवधारणा अनुसार उत्पादन पकेट निर्माणका लागि पकेट दर्ता सम्बन्धि कार्यविधि कार्यपालिका बाट पारित गरी लागु गरिएको छ ।

### परिच्छेद -एक

१) संक्षिप्त नाम र प्रारम्भ

१.१) यो कार्यविधिको नाम "किसान सँग गाउँ सरकार उत्पादन पकेट कार्यविधि २०७५" रहेको छ ।

१.२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृती भएको मितिबाट लागु हुनेछ ।

१.३) यो कार्यविधि सरुमारानी गाउँकार्यपालिकाको कार्यालय , शाखाहरु ,यस गा.पा. का वडा कार्यालयहरु र यस गाउँपालिका भित्रका सबै कृषि उत्पादनशिल क्षेत्रका हकमा मात्र लागु हुनेछ ।

### परिचछेद -दुई

२) परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

२.१) गाउँकार्यपालिकाको कार्यालय भन्नाले सरुमारानी गाउँकार्यपालिकाको कार्यालय बड्डाँडा प्यूठानलाई सम्झनु पर्दछ ।

२.२) शाखाहरु भन्नाले यस सरुमारानी गाउँकार्यपालिका कार्यालय अन्तर्गतका कृषि शाखा , पशु सेवा शाखा लाई सम्झनु पर्दछ ।

२.३) विषयगत समिति भन्नाले सरुमारानी गाउँकार्यपालिकाको आर्थिक विकास विषयगत समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद -तीन

३) कार्यक्रम

३.१) पकेट दर्ता कार्यविधि लागु भएपछि यो आ.व.को हकमा पकेट दर्ताको लागि २०७५ बैशाख १५ गते सम्म पकेट दर्ता गरिसक्नु पर्नेछ आगामी आ.व.को हकमा कार्यपालिका कार्यालय बाट प्रकाशित सुचना अनुसार लागु हुनेछ । ३.२) पकेट दर्ताको लागि पेश गर्नुपर्ने कागजपत्रहरु

३.२.१ ) किसानहरुको भेला बाट उत्पादन विषय तोकी नामाकरण गरिएको पकेट नाम,ठेगाना,र संचालक समितिको गठन तथा पकेट दर्ताको लागि संचालक समितिको अध्यक्षलाई खटाउने निर्णयको प्रतिलिपि ।

३.२.२) पकेट क्षेत्रमा समावेश हुने कम्तीमा २०० रोपनी जग्गाको आवध्द किसानहरुको जग्गाधनि दर्ता प्रमाण पुर्जाको प्रतिलिपि र नागरिकताको प्रतिलिपि ।

३.२.३ ) सम्बन्धित वडा कार्यालयको पकेट दर्ताको सिफारिश ।

३.२.४) कृषि शाखाको सिफारिश ।

३.३) आवश्यक कागजातहरु संलग्न राखी पकेट दर्ताको निवेदन पेश हुन आएमा गाउँकार्यपालिकाको कार्यालयले सोही दिन पकेट दर्ता भएको जानकारी पत्र प्रदान गर्नेछ र १५ दिन भित्र पकेट दर्ताको प्रमाण पत्र उपलब्ध गराउनेछ।

३.४) चालु आ.व. २०७५।७६ मा सबै वडामा बढीमा १८ वटा पकेट मात्र दर्ता हुनेछ ।

३.५) कुनै पनि टोलको पकेट क्षेत्रमा सम्बन्धित किसानको समावेश नहुने स्वेच्छा बाहेक सम्पुर्ण किसानहरु समावेश भएको हुनुपर्नेछ ।

३.६) पकेट संचालक समिति समावेश किसानहरु बाट समावेशी हुनुपर्नेछ ।